आज मिति २०८२ साल पुष १२ गते विहान ११:०० बजे शनिवारका दिन यस ठाँटीकाँध गाउँपालिकाको ६५ औं कार्यपालिका बैठक गाउँपालिकाका अध्यक्ष श्री रक्ष बहादुर शाह ज्यू को अध्यक्षतामा देहाय अनुसारका पदाधिकारीज्यूहरुको उपस्थितिमा सञ्चालन गरियो।

<u>उपस्थिति</u>

| क सं | पदाधिकारीको नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री रक्ष बहादुर शाह | गाउँपालिका अध्यक्ष | ठाँटीकाँध गापा दैलेख | |
| २ | श्री देवीराम वडुवाल | गाउँपालिका उपाध्यक्ष | ठाँटीकाँध गापा दैलेख | |
| ३ | श्री तुलसी प्रसाद उपाध्याय | प्रमुख प्रशासकीय अधिकृत | ठाँटीकाँध गापा दैलेख | |
| ४ | श्री चक्र बहादुर वि.क. | वडाध्यक्ष | ठाँटीकाँध गापा १ दैलेख | |
| ५ | श्री प्रेम बहादुर मगर | वडाध्यक्ष | ठाँटीकाँध गापा २ दैलेख | |
| ६ | श्री भरत बहादुर वम | वडाध्यक्ष | ठाँटीकाँध गापा ३ दैलेख | |
| ७ | श्री केहरसिंह कठायत | वडाध्यक्ष | ठाँटीकाँध गापा ४ दैलेख | |
| ८ | श्री लाल बहादुर शाही | वडाध्यक्ष | ठाँटीकाँध गापा ५ दैलेख | |
| ९ | श्री जोरासिंह रोकाया क्षेत्री | वडाध्यक्ष | ठाँटीकाँध गापा ६ दैलेख | |
| १० | श्री कल्पना थापा | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| ११ | श्री प्रतिमा नेपाली | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १२ | श्री प्रेमा कामी | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १३ | श्री मिठ्ठु थापा | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १४ | श्री रमेश वि· क· | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १५ | श्री रुपा थापा वि· क· | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| | | आमन्त्रित कर्मचारीहरु | | |
| १ | श्री केन्द्र बहादुर शाही | सामाजिक विकास अधिकृत | ठाँटीकाँध गापा दैलेख | |
| २ | श्री नेम बहादुर खत्री | योजना तथा अनुगमन अधिकृत | ठाँटीकाँध गापा दैलेख | |
| ३ | श्री छविजंग मल्ल | वरिष्ठ लेखा अधिकृत | ठाँटीकाँध गापा दैलेख | |
| ४ | श्री हरि बहादुर शाही | सूचना प्रविधि अधिकृत | ठाँटीकाँध गापा दैलेख | |
| | | | | |

ठाँटीकाँध गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लकान्द, दैलेख
कर्णाली प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

४१

<u>मिति २०८२/०९/१२ गतेको ६५ औं गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु</u>

<u>प्रस्तावहरु :</u>

<u>प्रस्ताव नं.१</u>

यसपूर्वका कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयन समिक्षा सम्बन्धमा ।

<u>प्रस्ताव नं. २</u>

संघीय समपुरक र विशेष अनुदान प्राप्तिका लागि योजना प्रस्ताव तथा छनोट गरी पठाउने सम्बन्धमा

<u>प्रस्ताव नं. ३</u>

जनता आवास र विपन्न नागरिक आवास निर्माणका लागि लाभग्राही छनोट गरी पठाउने सम्बन्धमा

<u>प्रस्ताव नं. ४</u>

गाउँसभाको १८ औं अधिवेशनमा पेश गर्ने प्रस्ताव तयारी सम्बन्धमा ।

<u>प्रस्ताव नं. ५</u>

चालु आ ब को स्वीकृत वार्षिक योजना कार्यक्रम तथा बजेट उपर आवश्यक पुनरावलोकन गरी संशोधित विनियोजन विधेयक तयार गर्न जिम्मेवारी तोक्ने सम्बन्धमा ।

<u>प्रस्ताव नं. ६</u>

गत आ ब २०८०।०८१ को म ले प बेरूजु फछ्र्यौंटका लागि लेखा समिति मार्फत गाउँसभामा प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

<u>प्रस्ताव नं. ७</u>

धर्मभक्त आ वि को पुरानो भवन भत्काउन अनुमति दिने सम्बन्धमा ।

<u>प्रस्ताव नं. ८</u>

पुराना ठेक्काको म्याद थप र अपुग रकम व्यवस्थापन सम्बन्धमा ।

<u>प्रस्ताव नं. ९</u>

जलवायू परिवर्तन स्थानीय अनुकुलन कार्यक्रम लक परियोजना सञ्चालनका लागि विज्ञापन प्रकाशन गर्ने सम्बन्धमा।

<u>प्रस्ताव नं. १०</u>

विद्युतीकरण कार्यका लागि कार्य प्रारम्भ गर्ने सम्बन्धमा

<u>प्रस्ताव नं. ११</u>

जग्गा वर्गीकरणका लागि सवै वडा कार्यालयहरुबाट आवश्यक सहयोग गर्ने सम्बन्धमा ।

<u>प्रस्ताव नं. १२</u>

निर्माण व्यवसायि लाई ईजाजत अनुमति पत्र दिने संम्बन्धमा ।

निर्णयहरु :

निर्णय नं १

प्रस्ताव नं १ माथि छलफल गर्दा यसपूर्वका कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयनको अवस्था बारे छलफल गरियो र कार्यान्वयन गर्न बाँकी रहेका निर्णयहरु आबश्यक अध्ययन गरी कार्यान्वयनका लागि कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो । साथै आर्थिक बर्षको मध्यान्तरसम्म पनि स्वीकृत बार्षिक कार्यक्रम तथा बजेट कार्यान्वयनमा यथोचित प्रगति हासिल नभएकाले सो कार्य तदारुकताका साथ अघि बढाउन सबै शाखा र वडा कार्यालयहरुलाई जानकारी दिने निर्णय गरियो ।

निर्णय नं २

प्रस्ताव नं. २ माथि छलफल गर्दा संघीय समपुरक र विशेष अनुदान प्राप्तिका लागि योजना प्रस्ताव गरी पठाउन मिति २०८२।०८।२६ मा राष्ट्रिय योजना आयोगबाट प्रकाशित भएको सुचना अनुसार सोही प्रकृतिका बहुवर्षिय क्रमागत योजना सहित देहाय अनुसार थप नयाँ योजना प्रस्ताव गरी पठाउने निर्णय गरियो ।

क.समपुरक अनुदानका लागि प्रस्तावित योजनाहरु

| क सं | योजनाको विवरण | योजनास्थल | कैफियत |
|---|---|---|---|
| १ | मानाकोट ठाटीकाँध विजारे धनकोट काँध सडक नयाँ निर्माण तथा स्तरोन्नति | ठाटीकाँध वडा नं १,६,२ र ४ | क्रमागत योजना |
| २ | मटेला वाहाकोट मदानताल पर्यटकीय सडक स्तरोन्नति योजना | ठाटीकाँध वडा नं ३ | नयाँ योजना |
| ३ | राताटक्कुरा मिलनचोक सडक स्तरोन्नती योजना | ठाटीकाँध वडा नं १ | -॥- |
| ४ | मिलनचोक, पिपलचौतारा, प्याडुली हुँदै माझा ज्यामीचौर सडक स्तरोन्नती योजना | ठाटीकाँध वडा नं १, २ र ४ | -॥- |

ख.विशेष अनुदानका लागि प्रस्तावित योजनाहरु

| क सं | योजना तथा कार्यक्रमको विवरण | योजनास्थल | कैफियत |
|---|---|---|---|
| १ | गैरागाउँ सिचाई कुलो निर्माण योजना | ठाटीकाँध गा पा वडा नं ४ | क्रमागत योजना |
| २ | विजारे खानेपानी [illegible] योजना | ठाटीकाँध गा पा वडा नं २ | नयाँ योजना |
| ३ | विशाला खानेपानी योजना | ठाटीकाँध गा पा वडा नं ३ | -॥- |
| ४ | कटधारा खानेपानी योजना | ठाटीकाँध गा पा वडा नं १ | -॥- |

निर्णय नं ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा पूर्वाधार विकास कार्यालय दैलेखको प सं २०८२।०८२,चलानी नं ४२८ र मिति २०८२।०९।०९ को प्राप्त पत्रानुसार जनता आवास कार्यक्रम अन्तर्गत आवास इकाई ४ र विपन्न घर निर्माण कार्यक्रम अन्तर्गत आवास इकाई ३ का लागि देहाय अनुसार लाभग्राही व्यक्तिहरु छनौट गरी सम्झौताका लागि पठाउने निर्णय गरियो।

CamScanner

तपसिल

| क्र सं | लक्षित घरमुलीको नाम | ठेगाना | जग्गाधनी प्रमाणपुर्जा भए नभएको |
|---|---|---|---|
| क.जनता आवास कार्यक्रम | | | |
| १ | आरती वि.क. | ठाटीकाँध गापा वडा नं १ दैलेख | भएको |
| २ | रत्न कामी | ठाटीकाँध गापा वडा नं ६ दैलेख | भएको |
| ३ | गोर्खे कामी | ठाटीकाँध गापा वडा नं ५ दैलेख | भएको |
| ४ | रामसरा वि क | ठाटीकाँध गापा वडा नं ४ दैलेख | भएको |
| ख.विपन्न नागरिक आवास कार्यक्रम | | | |
| १ | जानुका वम | ठाटीकाँध गापा वडा नं ३ दैलेख | भएको |
| २ | मन्दिर थापा | ठाटीकाँध गापा वडा नं २ दैलेख | भएको |
| ३ | ददि शाही | ठाटीकाँध गापा वडा नं १ दैलेख | भएको |

निर्णय नं ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा मिति २०८२।०९।१४ गते सोमवारका दिन सञ्चालन हुन गईरहेको गाउँसभाको १८ औं अधिवेशनमा पेश गर्ने गरी देहायका प्रस्तावहरु स्वीकृत गर्ने निर्णय गरियो।

तपसिल

| क्र सं | प्रस्तावको व्यहोरा |
|---|---|
| १ | चालु आ ब २०८२।०८३ को हालसम्मको आय व्यय अनुमोदन सम्बन्धमा । |
| २ | विनियोजन ऐन २०८२ अनुसार स्वीकृत चालु आ ब २०८२।०८३ को बार्षिक योजना तथा कार्यक्रम संशोधन सम्बन्धमा । |
| ३ | गाउँ शिक्षा विधेयक २०८२ पेश गर्ने सम्वन्धमा |
| ४ | ठाटीकाँध गाउँपालिका र अन्तर्गत कार्यरत अस्थायी तथा करार कर्मचारीहरुको म्याद थप सम्बन्धमा । |
| ५ | मिति २०८२।०४।०१ देखि आजसम्मका कार्यपालिका बैठक र कार्यपालिकाको कार्यालयबाट भएका प्रशासनिक निर्णयहरु अनुमोदन सम्बन्धमा । |
| ६ | चालु आ ब २०८२।०८३ को हालसम्मको प्रगति समीक्षा सम्बन्धमा । |
| ७ | अन्य विभिन्न नीतिगत निर्णयहरु पारित गर्ने सम्बन्धमा । |

निर्णय नं ५

प्रस्ताव नं. ५ चालु आ ब को स्वीकृत वार्षिक योजना कार्यक्रम तथा बजेट उपर आबश्यक पुनरावलोकन गरी संशोधित विनियोजन विधेयक २०८२ तयार गर्न गाउँपालिका उपाध्यक्ष एवंम कार्यक्रम तथा वजेट तर्जुमा समितिका संयोजक श्री देविराम वडुवालको संयोजकत्वमा तपशिल बमोजमका सदस्य रहने गरी जिम्मेवारी तोक्ने र उक्त समितिले गाउँपालिकाका यस पूर्व भएका निर्णयहरु समेतलाई मध्यनजर गरी गाउँपालिका भवन निर्माण लागत साझेदारी र जलवायु परिवर्तन अनुकलन कार्यक्रम कार्यान्वयन गर्न

CamScanner

लागत साझेदारी रकम व्यवस्था गर्ने, गाउँपालिका स्तरिय शिक्षक,बालविकास सहजकर्ता र कर्मचारीहरुको अपुग पारिश्रमिक व्यवस्था गर्ने, पुरानो ठेक्का कार्यान्वयनका लागि अपुग रकम व्यवस्था लगायतका आवश्यक थप योजना र कार्यक्रम समेतमा वजेट व्यवस्थापन गर्ने गरी प्रस्ताव तयार गर्न जिम्मेवारी दिने निर्णय गरियो।

| सि नं | नाम थर | पद | कैफियत |
|---|---|---|---|
| १ | उपाध्यक्ष श्री देविराम वडुवाल | संयोजक | |
| २ | सा. वि. अधिकृत श्री केन्द्र बहादुर शाही | सदस्य | |
| ३ | वरिष्ठ लेखा अधिकृत श्री छविजंग मल्ल | सदस्य | |
| ४ | योजना तथा अनुगमन अधिकृत श्री नेम बहादुर खत्री | सदस्य– सचिव | |

निर्णय नं ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा गत आ ब २०८०।०८१ सम्मको म. ले. प. वेरूजु फछ्र्यौटका लागि लेखा समिति मार्फत गाउँसभामा पेश गर्न प्रस्ताव तयार गर्ने निर्णय गरियो ।

निर्णय नं ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा श्री धर्मभक्त आ वि ठाटीकाँध गा पा १ सिराडीको प सं २०८२।०८३, चलानी नं १२ , मिति २०८२।०९।११ को पत्रानुसार उक्त विद्यालयको पुरानो २ कोठे काम नलाग्ने जीर्ण भवन भत्काई उक्त स्थानमा कर्णाली प्रदेश सरकारको शशर्त अनुदानबाट २ कोठे पक्कि भवन निर्माणका लागि रकम विनियोजन भएकोहुदाँ सो भवन भत्तकाउनका लागि अनुमति माग भई आएकोमा प्राविधिक मुल्यांकनका आधारमा उक्त पुरानो जीर्ण भएको कच्चि भवन भत्काउँन अनुमति दिने निर्णय गरियो ।

निर्णय नं ८

प्रस्ताव नं. ८ मा माथि छलफल गर्दा गत विगत आ ब मा खरिद सम्झौता भई अधुरा रहेका निम्न योजनाहरुको खरिद सम्झौताको म्याद थपका लागि बैंक जमानत पत्र,संशोधित कार्यतालिका र निवेदन पेश भएको,योजनाको स्थलगत अध्ययनका क्रममा भएको कार्यप्रगति तथा मिति २०८२।०३।२७ मा सम्पन्न गाउँसभाको निर्णयका आधारमा देहाय अनुसार म्याद गरी चालु आ ब भित्रै सम्पन्न गर्ने गरी एक पटकका लागि अन्तिम पटक म्याद थप गरी कार्य गराउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

तपसिल

| क्र सं | अधुरो रहेको योजनाको ठेक्का नं र योजनाको नाम | निर्माण व्यावसायीको नाम | म्याद सकिएकको अन्तिम मिति | पुनःम्याद थपका लागि निवेदन दिएको मिति | म्याद थप गर्नुपर्ने अवधि |
|---|---|---|---|---|---|
| १ | 04/TRM/2076/077 कृष्ण मा वि लकान्द्र भवन | विजय कन्स्ट्रक्सन वीरेन्द्रनगर नपा ३ | | | २०८३।०३।२० |

| | | | | | |
|---|---|---|---|---|---|
| | निर्माण योजना | सुर्खेत | | | |
| २ | 05/TRM/2076/077 दशरथ मा वि प्याडुली भवन निर्माण योजना | विजय कन्स्ट्रक्सन वीरेन्द्रनगर नपा ३ सुर्खेत | | - | २०८३।०३।२० |
| ३ | प्राथमिक स्वास्थ्य केन्द्र भवन निर्माण योजना (आईसोलेसन) | साझा कन्स्ट्रकसन रामेछाप | | | २०८३।०३।२० |
| ४ | १५ सैया भवन निर्माण योजना | रविना शाही जे भी कैलालि | | | २०८३।०३।२० |

<u>निर्णय नं ९</u>

प्रस्ताव नं ९ माथि छलफल गर्दा जलवायू परिवर्तन स्थानीय अनुकुलन कार्यक्रम लक परियोजना सञ्चालनका लागि तपशिलका पदहरुमा विज्ञापन गर्नका लागि १५ दिने सूचना प्रकाशन गर्न गाउँ कार्यपालिका लाई निर्देशन दिने निर्णय गरियो।

<u>तपशिल</u>

| सि नं | पद | जम्मा संख्या | कैफियत |
|---|---|---|---|
| १ | जलवायू परिवर्तन स्थानीय अनुकूलन अधिकृत | एक जना | |
| २ | फिल्ड संयोजक | आवश्यकता अनुसार | |
| ३ | सब ईन्जिनियर | एक जना | |
| ४ | जलश्रोत प्राविधिक | एक जना | |
| ५ | सामाजिक परिचालक | एक जना | |

<u>निर्णय नं १०</u>

प्रस्ताव नं. १० माथि छलफल गर्दा चालु आ ब २०८२।०८३ का लागि विद्युतीकरण कार्य तर्फ रु ८ लाख विनियोजन भएकोमा सो रकमबाट पुराना तार समेत प्रयोग गरी लागत अनुमान तयार गरी दरभाउपत्र माग गरी देहाय अनुसार कार्य गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

तपसिल

| क्र सं | वडा नं | गर्नुपर्ने स्थान |
|---|---|---|
| १ | १ | खातिगाउँ, वुढाटोल र मटेला वजार शाखा लाईन तार तान्ने |
| | २ | थापाटोल, दलितटोल, विजारे र त्रित्रेखेतमा शाखा लाईन तार तान्ने |
| | ३ | माझखर्क विद्यालय, माझखर्क स्वास्थ्य ईकाइ र वाँहाकोट स्वास्थ्य ईकाइ र खुडखुडी शाखा लाईन तार तान्ने |
| | ४ | गैरागाउँमा ६ वटा पोल खरिद र तार तान्ने |

| | | |
|---|---|---|
| ५ | ५ | कोलार चाँदेगडामा शाखा लाईन तार तान्ने |
| ६ | ६ | तल्लो रोकायाटोल र डिमुरे वस्तिमा शाखा लाईन तार तान्ने |

<u>निर्णय नं ११</u>

प्रस्ताव नं. ११ माथि छलफल गर्दा जग्गा वर्गीकरणका लागि वडामा खटिई जाने परामर्शदाताका प्रतिनिधिहरुलाई आबश्यक सुचना तथा समन्वयका लागि सबै वडा कार्यालयहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. १२</u>

प्रस्ताव नं १२ माथि छलफल गर्दा ठाटीकाँध गाउँपालिका वडा नं १ का श्री प्याउरी वि क प्रोपराईटर रहेको श्री आरति कन्स्ट्रकसन एण्ड सप्लायर्स प्रा लि ले निर्माण व्यवसायि ईजाजत अनुमती पत्र माग गरेको र निजले पेश गरेको कागजातका आधारमा न्युनतम मापदण्ड पुरा गरेको पाईएकोले निज फर्म लाई ईजाजत अनुमति पत्र दिने निर्णय गरियो ।

...कार्यालय
तकान्द, दैलेख
कर्णाली प्रदेश, नेपाल

तुलसी प्रसाद उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत